*द फ्रिडम फण्डको आर्थिक तथा प्राबिधीक सहयोग र साझेदारीमा सञ्चालित*

**कृषी बधुवा मजदुरको अन्त्यका लागि हलिया र कमैया आन्दोलनसंगको सहकार्यमा सरकारी निति प्रभावित गर्नका लागि हरवाचरवा संगठनहरुको क्षमता सवलीकरण परियोजना**

**(सवल)**

# परियोजना कार्यान्वयन निर्देशिका


**तयार गर्ने**

**राष्टिय दलित नेटवर्क (RDN) नेपाल**

केन्द्रीय कार्यालय धनगढी कैलाली

सम्पर्क व्यक्तिः हुकुम ब. सार्की., टीम लिडर

सम्पर्क नं. ९८४८६७१३६१ (मोवाईल)


**मितिः १ अक्टुवर, २०२१**

## १. संस्थाको संक्षिप्त परिचय

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल मुलुकमा दलित अधिकारका लागि चलेका विभिन्न आन्दोलनहरुमध्ये धेरै लक्ष्यहरु भएको एउटै लक्ष्य, धेरै योजनाहरु भएको एउटै योजना, धेरै नीति तथा कार्यक्रमहरु भएको एउटै नीति तथा कार्यक्रम, धेरै संगठनात्मक स्वरुपहरुको एउटै संगठन, धेरै अवधारणाहरुको एउटै अवधारणा र साझा भावनाका साथ नयाँ एकीकृत आन्दोलनका रुपमा स्थापीत नेतृत्वदायी मानवअधिकारमुखी पद्धतिमा विश्वास राख्ने दलित एक्टिभिष्टमा आधारित जनसंगठन हो । मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा कार्यरत गैससहरु, विभिन्न महासंघहरु, लोकतन्त्र र शान्तिका लागि कार्यरत नागरिक आन्दोलनहरु, दलित आन्दोलनका सारथि दलित राजनीतिक जनसंगठनहरु, संचारकमीहरुका प्रतिनीधिमुलक संगठनहरुको अर्थपूर्ण सहकार्यकासाथ बृहत सामाजिक आन्दोलन उठान गर्ने र दलितहरुका राजनीतिक, आर्थिक र सामाजिक/सांस्कृतिक समस्याहरुको एकीकृत रुपमा समाधान गर्न दवाव दिने उद्देश्यले २०५७ मा यसको स्थापना भएको हो । स्थापनाका केही वर्ष लुज नेटवर्कका रुपमा कार्यरत रहँदै २०६० सालमा औपचारिक रुपमा जिल्ला प्रशासन कार्यालय कैलालीमा दर्ता भई त्यही साल समाज कल्याण परिषदमा आवद्ध भयो ।

RDN नेपालमा हाल १०० वटा भन्दा बढी संस्थागत सहकार्य सदस्य संस्थाहरु र १५०० भन्दा बढी व्यक्तिगत सदस्यहरु सहित ४५ जिल्लामा शाखाहरु रहेका छन् भने देशभरीका ७७ वटै जिल्लाहरुमा सम्पर्क व्यक्तिहरु रहेका छन । राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल मानवअधिकार एलायन्स, राष्ट्रिय भूमिअधिकार सरोकार समूह, एचआइभि तथा एडस विरुद्ध एशियाली जनअभियान (APACHA), नयाँ दक्षिण एशियाको परिकल्पना (INSA), लोकतन्त्र र सामाजिक रुपान्तरणका लागि नागरिक अभियान, लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलन, शान्तिका लागि साझा अभियान (COCAP), जातीय विभेद विरुद्ध राष्ट्रिय मंच (NCARD), दलित अधिकारका लागि राष्ट्रिय मंच लगायतका मंचहरुको नेतृत्व तथा सदस्यका रुपमा कार्यरत छ ।

### १.१) RDN नेपालको परिकल्पना (Vision):

विश्वव्यापी मान्यतामा आधारित जातीय छुवाछूत र विभेद रहित न्यायपूर्ण समाज ।

### १.२) RDN नेपालको ध्येय (Mission):

दलितहरुको पहिचान, प्रतिनिधित्व र पहँच सहितको अधिकार स्थापना गर्न मानवअधिकारमुखी आन्दोलनको स्रोत केन्द्रका रुपमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

### १.३) RDN नेपालको लक्ष्य (Goal):

जातीय छुवाछूत र विभेदको समूल अन्त्य गरी राजनैतिक, आर्थिक र सामाजिक/सांस्कृतिक अधिकार कायम गर्न निर्णय तहमा प्रभाव पार्नु ।

### १.४) RDN नेपालकोमान्यताहरु (Values):

RIGHTS :

R :- Right Based (अधिकारमुखी)

I :- Integreted (एकीकृत)
G :- Governance (सुशासन)
H :- Human Rights (मानव अधिकार)
T :- Transparency (पारदर्शिता)
S :- Solidarity (ऐक्यवद्धता)

### १.५) RDN नेपालकोउद्देश्यहरु (Objectives):

१) दलितहरुको राजनैतिक, आर्थिक, सामाजिक/सांस्कृतिक अधिकारहरु स्थापित गर्न अधिकारमुखी अभियान संचालन गर्नु ।

२) जातीय छुवाछूत र विभेदको समुल अन्त्य गर्न स्थानीयदेखि राष्ट्रिय/अन्तर्राष्ट्रिय तहमा अभियान मार्फत राज्यको वर्तमान विभेदकारी संरचनाको पुनःसंरचना गर्दै राज्यलाई उत्तरदायी, पारदर्शी, जवाफदेही बनाउन भूमिका निर्वाह गर्नु ।

३) दलित समुदायको संवैधानिक हक अधिकार र मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन गरी सामाजिक न्याय, मानव मर्यादा कायम गराई राष्ट्र विकासको मूल प्रवाहमा दलित समुदायको अनिवार्य र सक्रिय सहभागीता गराउन राज्य सत्ता, सरकारी तथा गैसस क्षेत्र, शिक्षा, भूमि तथा आवास र उत्पादन तथा उत्पादित वस्तुको बजारमा संवैधानिक रुपमा अवाधिक आरक्षणका लागि अभियान संचालन गर्नु ।

४) सामन्तवादी शोषणमुलक सामाजिक कु-प्रथा, चलन (हलिया, डोली, खली, भुँड, यौन शोषण, सीनो खाने/फ्याँक्ने, छोरीको धनखाने, मल बोक्ने, जारी, छुवाछूत) हरुको अन्त्य गर्नु ।

५) राज्यका साधन/श्रोत (जल, जमिन, जगल) र निर्णायक तह (संसद, सरकार, न्यायालय, प्रशासनिक क्षेत्र, स्थानीय निकायहरु, राजनैतिक दलहरु, गैससहरु, उपभोक्ता समितिहरु, विद्यालय व्यवस्थापन समितिहरु, आयोगहरु, संचारक्षेत्र) हरुमा दलितहरुको समान पहुँच र नियन्त्रण कायम गर्नु ।

६) दलितहरुका परम्परागत पेशाहरुलाई आधुनिकीकरण र वैज्ञानिकीकरण गर्दै जीवन उपयोगी बनाई सामयिक प्रतिष्पर्धामा आउने वातावरण बनाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउनका साथै स्वयं दलित समुदायका वीच विद्यमान आन्तरिक छुवाछूत अर्थात् ब्राह्मणवादी चिन्तनको समूल अन्त्य गर्नु ।

७) मानवअधिकारको संरक्षण, सम्बर्द्धन र विकास तथा सामाजिक न्यायको स्वच्छ समतामुलक र पारदर्शी सम्पादन एवं उपयोग हुने वातावरणको प्रवर्द्धन र विकासका निमित्त सक्रीय हुनु ।

### १.६) RDN नेपालको संलग्नता (Alliance ship):

☞ सचिव : राष्ट्रिय भूमि अधिकार सरोकार समूह, काठमाडौ
☞ सदस्य : राष्ट्रिय भूमि अधिकार मंच, काठमाडौं
☞ सदस्य : एच.आई.भी./एड्स विरुद्ध दक्षिण एशियाली जनअभियान, काठमाण्डौ
☞ सदस्य सचिव : लोकतन्त्र र शान्तिका लागि नागरिक समाज, कैलाली
☞ अध्यक्ष : मानव अधिकार एलाइन्स, काठमाडौं
☞ सदस्य : मानव अधिकार संरक्षण संयुक्त मञ्च, काठमाडौं
☞ सदस्य : जातीय भेदभाव विरुद्ध राष्ट्रिय मंच, काठमाडौं
☞ सदस्य : गैसस महासंघ, काठमाडौं
☞ सदस्य : नेपाल दक्षिण एशियाको परिकल्पना, काठमाडौं
☞ सदस्य : शान्तिका लागि साझा अभियान, काठमाडौं

☞ सदस्य : संविधानसभाका लागि दलित नागरिक समाज, काठमाडौं
☞ सदस्य : जन उत्थान प्रतिष्ठान, एलायन्स काठमाडौ

## २. परिवेश बिश्लेषण:

हरवा चरवा बाध्यकारी बधुवा श्रममा आधारित एउटा शोषणमुलक दाश प्रथाको अवशेष हो जुन नेपालको पुर्वी तराईका जिल्लाहरुमा ब्याप्त छ । बाधुक श्रमिक भित्र पनि हरवा चरवाको राजनितीक, सामाजिक र आर्थिक सवाल अझै जर्जर अवस्थामा रहेको पाईन्छ । हरवा चरवाहरु परिवारहरुको समस्याहरुको मुख्य कारण भनेको भूमिहीनता नै हो । त्यस बाहेक सामाजिक रुपमा उनीहरु बिभेदमा छन । आर्थिक रुपले गरिव छन भने राजनितिक हिसावले हरवा चरवाहरु बहिष्करणमा परेका छन । अहिलेसम्म पनि हरवा चरवाहरु चर्को रुपमा ऋण चिर्न बाध्य छन भने असमान ज्वालामा काम गरेर कठिन तरिकाले आफनो दैनिक जीवनयापन चलाई रहेका छन । एक सर्वेक्षण अनुसार बार्षिक ६० देखि ७२ प्रतिशत ब्याजका दरले हरवा चरवाहरुले मालिकहरुबाट ऋण लिई आफनो घर ब्यवहार चलाईरहेका छन ।

जमीनको मालिकहरुले हरवा चरवाहरुलाई कामदारको रुपमा बाध्यकारी तरिकाले काम लगाईएको पाईन्छ । हरवा चरवाहरु दलित समुदायबाट प्रतिनिधीत्व गर्दछन जसले अहिलेसम्म पनि जातीय बिभेद तथा छुवाछुतको समस्या भोगिरहेका छन । हरवा चरवाहरु अहिलेसम्म पनि नागरिकताबाट बंचित छन जसले गर्दा उनीहरु राज्यका आधारभुत सेवा र श्रोतबाट बंचित छन । नेपाल सरकारले बधुवा श्रमीक रुपमा रहेका कमैया र हलियाहरुको क्रमस २०५७ र २०६५ सालमा मुक्तिको घोषणा गरि उनीहरुको पुर्नस्थापनाको कार्यक्रम अगाडी बढाई सकेको छ तर हालसम्म पनि हरवा चरवाको मुक्तिको घोषणा हुन सकिरहेको छैन ।

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात हलिया मुक्तिको घोषणा भएको ठिक १३ वर्ष पूरा भएको छ । तर पनि मुक्त हलियाहरुले अझैसम्म पनि पूर्ण रुपमा स्वतन्त्रताको अनूभुति गर्न सकेका छैनन । सन २०१० मा भूमि सुधार तथा ब्यवस्था मन्त्रालयले हलिया श्रम निषेध गर्न बनेको ऐन डाफ्ट गरेको भएता पनि त्यो हालसम्म पारित हुन सकिरहेको छैन । सन २०११ मा नेपाल सरकारले मुक्त हलिया पुर्नस्थापना र अनुगमन निर्देशिका तयार गरयो र सोही मार्फत मुक्त हलियाहरुको प्रमाणीकरण र परिचय पत्र बितरणको काम सम्पन्न गरेको थियो । हाल आएर फेरी गठन आदेश मार्फत मुक्त हलिया पुर्नस्थापना तथा समस्या सामाधान समितिको गठन गरेको छ र सोही मार्फत पुनर्स्थापनाको काम अघी बढाएकोछ । अधिकांश मुक्त हलियाहरुको अहिलेसम्म पनि ऋण खारेजी भएको छैन भने पूर्व मालिकबाट धाक धम्की पनि सहनु परेको अवस्था छ । अहिलेसम्म पनि हजारौ मुक्त हलिया घरधुरीहरु जीवीकोपार्जनका साधनहरु, बजार ब्यवस्थापन र औपचारिक तथा प्राबिधीक शिक्षाको पहुचबाट टाढा छन । उनीहरु आफनो अधिकारको बारेमा प्रणालीगत रुपमा दावी गर्न सक्ने भएका छैनन ।

नेपालको संविधान जारी भएसंगै मुक्त हलियाका मागहरु संबोधन गर्ने राजनीतिक वातावरण निर्माण भएपनि मुक्त हलियाका समस्याका सवालमा राज्यसत्ता, राजनीतिक दलहरु तथा कर्मचारी संयन्त्र गम्भिर नहुंदा आज पनि यी समस्याहरु यथावत रहेका छन बरु नयाँ स्वरुपमा विकसित हुन पुगेका छन् । नेपालको संविधानमा मुक्त हलिया तथा दलित सम्बन्धी दुई दुई वटा मौलिक हकसहितका

व्यवस्थाहरुलाई चुनौति दिदै हालै सर्वोच्च अदालतले आरक्षण सम्बन्धी दलित विरोधी निर्णय गरेको छ । राज्यका विभिन्न निकायमा मुक्त हलिया प्रतिनीधित्व केही मात्रामा बृद्धि भएपनि आशातित कामहरु हुन सकेको छैन ।

**३. परियोजनाको बिवरण:**

३.१. परियोजना शिर्षक: नेपालमा कृषी बधुवा मजदुरको अन्त्यका लागि हलिया र कमैया आन्दोलनसंगको सहकार्यमा सरकारी निति प्रभावित गर्नका लागि हरवाचरवा संगठनहरुको क्षमता सवलीकरण परियोजना (सवल)

३.२ लक्ष्य: कृषी बधुवा मजदुरहरुको मर्यादित जीवन श्रृजना गरि न्यायपुर्ण समाज निर्माणमा योगदान गर्ने

३.३ उद्देश्यहरु:

१. कृषी बधुवा मजदुरहरुको एकिकृत आन्दोलनमा योगदान गर्न हरवाचरवा संजालहरुको गठन, सुदृढीकरण र परिचालन गर्ने

२. कृषी बधुवा मजदुरहरुको पक्षमा प्रदेश र संघीय सरकारका निति तथा कार्यक्रमहरु परिवर्तन तथा कार्यान्वयनका लागि पैरवी गर्न बाध्यकारी श्रम अन्यका लागि जनवकालत समुह परिचालन गर्ने

३.४ प्रतिफलहरु:

१.१: अन्तर सिकाई, क्षमता अभिबृद्धी र नेतृत्व बिकासमा ८१० जना कृषी बधुवा मजदुरहरु:: हरवाचरवाको संग्लनता भएको हुनेछ

1२: प्रदेश नं. २ का ८ जिल्लाका हरवाचरवा अधिकार मंचहरुको गठन भई सक्रिय ढंगले परिचालन भएको हुनेछ

२.१: एकिकृत आन्दोलनका लागि राष्ट्रिय स्तरमा कृषी बधुवा मजदुरहरुको संगठन निर्माण भई सक्रिय ढंगले परिचालन भएको हुनेछ

२.२: कृषी बधुवा मजदुर अन्त्य गर्न एकिकृत आन्दोलनका लागि संयुक्त रणनिति योजना निर्माण भई कार्यान्वयन भएको हुनेछ ।

२.३: परियोजनागत क्रियाकलापको माध्यमद्धारा स्थानिय, प्रादेशिक र संघीय तहमा सरकारी निकाय र अन्य सम्बन्धित सरोकारवाला निकायको संग्लनता हुनेछ

**३.५ क्रियाकलापहरुः**

| क्र.स. | क्रियाकलापहरु | जम्मा लक्ष्य | बार्षिक लक्ष्य | | | उद्देश्य तथा कार्यान्वयन बिधी |
|---|---|---|---|---|---|---|
| | | | २०२१ | २०२२ | २०२३ | |
| **प्रतिफलः १.१: अन्तर सिकाई, क्षमता अभिबृद्धी र नेतृत्व बिकासमा ८१० जना कृषी बधुवा मजदुरहरु:: हरवाचरवाको संग्लनता भएको हुनेछ** | | | | | | |
| १.१.१ | आन्दोलन निर्माण र नेतृत्व बिकास सम्बन्धी राष्ट्रिय हरवा चरवा अधिकार मंचलाई तालिम | **३** | १ | १ | १ | **उद्देश्यः**<br>• **नेतृत्व बिकास र आन्दोलन निर्माण सम्बन्धी** राष्ट्रिय हरवा चरवा अधिकार मंचका सदस्यहरुको क्षमता अभिबृद्धी गर्ने<br>• **सहभागिका बिचमा हलिया र कमैया आन्दोलनका अनुभव आदान** प्रदान गर्ने<br>• **हरवाचरवाहरुको मुक्ति र पुर्नस्थापनाका लागि जनवकालत योजना तयार गर्ने**<br><br>**कार्यान्वयन प्रकृयाः**<br>• ***द फ्रिडम फण्ड र एक्सनएडका साँझेदार संस्थाहरुसंग समन्वय गर्ने***<br>• तालिमको स्थान र मिति तय गर्ने<br>• तालिमका सहभागिहरुलाई खबर गर्ने (**२५ जना जसमध्य ४ जना हलिया र कमैया**)<br>• हल तथा चियाखाजा र स्थानिय यातायातको ब्यवस्थापन गर्ने<br>• श्रोतब्यक्तिको छनोट<br>• तालिमको कार्यतालिका तयारी गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | • कार्यतालिका अनुसार तालिमको सहजीकरण<br>• कार्ययोजना फलोअप गर्ने<br>• प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| १.१.२ | हरवाचरवा युवा एक्टिीभिजम तालिम तथा फलोअप बैठक | **७** | १ | ३ | ३ | **उद्देश्यः**<br>• **हरवाचरवा नेटवर्कलाई स्थानिय, जिल्ला र** राष्ट्रिय स्तरमा परिचालन, सामाजिक परिचालन, सामुदायिक बिकास, जनवकालतीय सिप, प्रभावकारी संचार र नेटवर्किङ्ग सम्बन्धी क्षमता अभिबृद्धी गर्ने<br><br>**कार्यान्वयन प्रकृयाः**<br>• ***द फ्रिडम फण्डका साँझेदार संस्थाहरुसंग समन्वय***<br>• तालिमको स्थान र मिति तय गर्ने<br>• सप्तरी, सिराहा र धनुषाबाट तालिमका सहभागिहरुलाई खबर गर्ने (**३० जना जसमध्य ९ पुराना र २१ नयाँ**)<br>• हल तथा चियाखाजा र स्थानिय यातायातको ब्यवस्थापन गर्ने<br>• श्रोतब्यक्तिको छनोट<br>• तालिमको कार्यतालिका तयारी गर्ने<br>• कार्यतालिका अनुसार तालिमको सहजीकरण<br>• कार्ययोजना फलोअप गर्ने<br>• प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| १.१. ३ | जनवकालतीय सिप र नेतृत्व बिकास सम्बन्धी जिल्ला हरवाचरवा अधिकार मंचका सदस्यहरुलाई तालिम | **२** | १ | १ | | **उद्देश्यः**<br>• **जनवकालत सिप र नेतृत्व बिकास सम्बन्धी** जिल्ला |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | हरवा चरवा अधिकार मंचका सदस्यहरुको क्षमता अभिबृद्धी गर्ने<br>● **जनवकालतका सवालहरु पहिचान गरि योजनाका लागि** प्राथमिकीकरण गर्ने<br><br>**कार्यान्वयन प्रकृया:**<br>● ***द फ्रिडम फण्डका साँझेदार संस्थाहरुसंग समन्वय***<br>● तालिमको स्थान र मिति तय गर्ने<br>● तालिमका सहभागिहरुलाई खबर गर्ने (**पहिलो बर्षको हकमा ६ जिल्लाबाट ४/४ जनागरि २४ जना हुनेछन भने दोश्रो बर्षमा ८ जिल्लाबबाट ४/४ जनागरि २८ जना सहभागि हुनेछन**<br>● हल तथा चियाखाजा र स्थानिय यातायातको व्यवस्थापन गर्ने<br>● श्रोतव्यक्तिको छनोट<br>● तालिमको कार्यतालिका तयारी गर्ने<br>● कार्यतालिका अनुसार तालिमको सहजीकरण<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| १.१.४ | सरकारी निति तथा कार्यक्रम सम्बन्धी हरवाचरवा अधिकार मंचका सदस्यहरुलाई अभिमुखीकरण | **८** | ३ | ३ | २ | **उद्देश्य:**<br>● **सरकारी निती तथा कार्यक्रम र योजना निर्माण सम्बन्धी जिल्ला हरवाच**रवा अधिकार मंचका सदस्यहरुको क्षमता अभिबृद्धी गर्ने<br>● **सरकारी सेवा र श्रोतमा हरवाचरवाहरुको पहुँच निर्माण गर्ने** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | **कार्यान्वयन प्रकृयाः**<br>● ***द फ्रिडम फण्डका साँझेदार संस्थाहरुसंग समन्वय***<br>● तालिमको स्थान र मिति तय गर्ने<br>● तालिमका सहभागिहरुलाई खबर गर्ने (**१५ जना**)<br>● हल तथा चियाखाजा र स्थानिय यातायातको व्यवस्थापन गर्ने<br>● श्रोतब्यक्तिको छनोट<br>● अभिमुखिकरण कार्यक्रमको कार्यतालिका तयारी गर्ने<br>● कार्यतालिका अनुसार तालिमको सहजीकरण<br>● हरवाचरवा नेटवर्कका लागि प्रस्तावना तयार गर्न सहयोग गर्ने<br>● सरकारी सेवा र श्रोतहरुमा हरवाचरवाको पहुँचका लागि फलोअप गर्ने<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| १.१.५ | हरवाचरवा अधिकार साईकल यात्रा | **१** | | १ | | उद्देश्यः<br>● हरवाचरवाको आवाज बुलन्द गर्दै सो सवालमा आम सचेतीकरण गर्ने<br><br>कार्यान्वयन **प्रकृयाः**<br>● ***द फ्रिडम फण्डका साँझेदार संस्थाहरुसंग समन्वय***<br>● ४ दिनको यात्रामा जिल्ला र राष्ट्रिय हरवाचरवा अधिकार मंचको बैठकबाट ३० जना सहभागिहरुको छनोट (८ वटा जिल्लाबाट ३/३ जना गरि २४ जना र राष्ट्रिय मंचबाट ६ जना) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | • जोखीम आकलन गर्ने<br>• साईकल अधिकार यात्राको कार्यसुची र सुरक्षा निति बनाउने<br>• सहभागिहरुको सुरक्षाका लागि स्थानिय प्रहरी प्रसाशन र स्थानिय निकायलाई जानकारी गराउने<br>• यात्राको उदघाटनमा रयालीबाट शुरु गरि सरोकारवाला निकायको ऐक्यबद्धता लिने<br>• यात्राको दौरानमा सप्तरी, सिराहा र धनुषाका बिभीन्न स्थानिय तह, नागरिक समाज र पत्रकारसंग अन्तरक्रिया गर्ने<br>• यात्राको समापन प्रदेश नं.२ को राजधानी जनकपुरमा गर्ने । समापनपत्रमा मुख्य मन्त्री लगायत निति निर्माता र सरोकारवाला निकायसंग निति संवाद आयोजना गर्दै मुख्य मन्त्रीलाई ज्ञापनपत्र पेश गर्ने<br>• प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| १.१.६ | संघीय स्तरमा हरवाचरवा सवाल सम्बन्धी निति निर्माणकर्तालाई सचेतीकरण अभियान | **१** | | १ | | **उद्देश्यः**<br>• प्रदेश स्तरमा आयोजना गरिएको साईकल यात्राको सन्देशलाई संघीय स्तरमा लग्दै निति निर्मातालाई हरवाचरवाको सवालबारे सचेतीकरण गर्ने<br>• हरवाचरवाहरुको स्थानिय सवाललाई राष्ट्रियकरण गर्ने<br><br>**कार्यान्वयन प्रकृयाः**<br>• ***द फ्रिडम फण्ड र एक्सन एडका साँझेदार संस्थाहरुसंग समन्वय***<br>• १२ जना सहभागिहरुको छनोट (८ जना साईकल |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | यात्राका सहभागि र ४ जना हलिया कमैया)<br>● सहभागिहरुको बास, यातायात र आवाश व्यवस्थापन<br>● काठमाण्डौमा प्रधानमन्त्री कार्यालय, भुमि व्यवस्था मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, अर्थ मन्त्रालय र कृषी मन्त्रालयमा ज्ञापन पत्र पेश गर्ने<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| १.१.७ | हरवाचरवा अधिकार मंचका सदस्यहरुका बिचमा अनुभव आदान प्रदान बैठक | | | | | **उद्देश्यः**<br>● हरवाचरवा, हलिया र कमैया आन्दोलनका सिकाई र अनुभवहरु आदान प्रदान गर्ने<br><br>**कार्यान्वयन प्रकृयाः**<br>● ***द फ्रिडम फण्ड र एक्सन एडका साँझेदार संस्थाहरुसंग समन्वय***<br>● सहभागिको छनोट (३० जना जसमध्य ४ जना हलिया कमैया)<br>● सहभागिहरुको बास, यातायात र आवाश व्यवस्थापन<br>● अनुभव आदान प्रदान गर्ने<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| **प्रतिफलः १.२ः प्रदेश नं. २ का ८ जिल्लाका हरवाचरवा अधिकार मंचहरुको गठन भई सक्रिय ढंगले परिचालन भएको हुनेछ** | | | | | | |
| १.२.१ | नयाँ ५ वटा जिल्लाका स्थानिय स्तरमा हरवाचरवा अधिकार मंच गठन तथा सवलीकरण | २० | १२ | ८ | | **उद्देश्यः**<br>● प्रदेश नं. २ का ५ वटा जिल्लाहरु बारा, पर्सा, रौतहत, सर्लाही र महोत्तरीका २० वटा स्थानिय तह ( प्रत्येक जिल्लाका ४ वटा स्थानय तह) मा स्थानिय हरवा चरवा अधिकार मंच गठन गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | **कार्यान्वयन प्रकृयाः**<br>● ***द फ्रिडम फण्डका साँझेदार संस्थाहरुसंग समन्वय***<br>● सहभागिको छनोट ( प्रत्येक जिल्ला ४ वटा पालिकाबाट ८/८ जना गरि प्रत्येक जिल्लाका ३२ जना)<br>● कार्यक्रमको स्थान, समय र मिति तय गर्ने<br>● सामुहिक छलफल<br>● नयाँ नेतृत्व चयन (११ सदस्यीय)<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| १.२.२ | प्रदेश नं. २ का ५ वटा जिल्लाहरुमा जिल्ला स्तरिय हरवाचरवा अधिकार मंचको गठन तथा सुदृढीकरण | **५** | ३ | २ | | **उद्देश्यः**<br>प्रदेश नं. २ का ५ वटा जिल्लाहरु बारा, पर्सा, रौतहत, सर्लाही र महोत्तरीमा जिल्ला हरवा चरवा अधिकार मंच गठन गर्ने<br><br>**कार्यान्वयन प्रकृयाः**<br>● ***द फ्रिडम फण्डका साँझेदार संस्थाहरुसंग समन्वय***<br>● सहभागिको छनोट ( प्रत्येक जिल्ला ४ वटा पालिकाबाट ८/८ जना गरि प्रत्येक जिल्लाका ३२ जना)<br>● कार्यक्रमको स्थान, समय र मिति तय गर्ने<br>● सामुहिक छलफल<br>● नयाँ नेतृत्व चयन (११ सदस्यीय)<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| १.२.४ | राष्ट्रिय हरवाचरवा अधिकार मंचको दर्ता प्रकृयामा सहयोग | **१** | १ | | | उद्देश्यः<br>● राष्ट्रिय हरवाचरवा अधिकार मंचलाई जिल्ला प्रशासन कार्यालय धनुषामा दर्ता गरि कानुनी बैद्यता र पहिचान सुनिश्चित गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | कार्यान्वयन **प्रकृयाः**<br>• ***द फ्रिडम फण्डका साँझेदार संस्थाहरुसंग समन्वय***<br>• राष्ट्रिय हरवाचरवा अधिकार मंचको बैठक मार्फत निर्णय गर्ने<br>• राष्ट्रिय हरवाचरवा अधिकार मंचका सम्पुर्ण सदस्यहरुको नागरिकता र सम्त्रन्धित प्रहरी कार्यालयबाट पुलिस रिर्पोट संकलन गर्ने<br>• संगठनको बिधान संकलन गर्ने<br>• हरवाचरवा नेटवर्कको दर्ताका लागि नियमित फलोअप गर्ने<br>• प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| १.२.५ | राष्ट्रिय हरवाचरवा अधिकार मंचका त्रैमासिक बैठकहरुमा सहजीकरण | **१०** | २ | ४ | ४ | उद्देश्यः<br>• हरवा चरवाका राजनितिक, आर्थिक तथा सामाजिक सवालमा छलफल गर्ने<br>• केन्द्रीय स्तरमा रहेको हरवा चरवा अधिकार मञ्चको बिगतको समिक्षा गर्दै आगामी कार्ययोजना तयार गर्ने<br><br>कार्यान्वयन **प्रकृयाः**<br>• ***द फ्रिडम फण्डका साँझेदार संस्थाहरुसंग समन्वय***<br>• सहभागिलाई खबर गर्ने<br>• बैठकका लागि स्थान, समय र मिति तय गर्ने<br>• बैठकका प्रस्तावहरु तयार गर्ने<br>• बैठकको आसन ग्रहण (अध्यक्षद्धारा) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | • प्रस्तावमाथि छलफल<br>• बैठक पुस्तिका तयारी<br>• आगामी कार्ययोजना निर्माण र जिम्मेवारी बाडपफाँड<br>• प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| १.२.६ | जिल्ला हरवाचरवा अधिकार मंचहरुका नियमित बैठकहरुमा सहजीकरण | | | | | उद्देश्यः<br>• हरवा चरवाका राजनितिक, आर्थिक तथा सामाजिक सवालमा छलफल गर्ने<br>• जिल्ला स्तरमा रहेका हरवा चरवा अधिकार मञ्चको बिगतको समिक्षा गर्दै आगामी कार्ययोजना तयार गर्ने<br><br>कार्यान्वयन **प्रकृयाः**<br>• ***द फ्रिडम फण्डका साँझेदार संस्थाहरुसंग समन्वय***<br>• सहभागिलाई खबर गर्ने<br>• बैठकका लागि स्थान, समय र मिति तय गर्ने<br>• बैठकका प्रस्तावहरु तयार गर्ने<br>• बैठकको आसन ग्रहण (अध्यक्षद्धारा)<br>• प्रस्तावमाथि छलफल<br>• बैठक पुस्तिका तयारी<br>• आगामी कार्ययोजना निर्माण र जिम्मेवारी बाडपफाँड<br>• प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| १.२.७ | सर्वोच्च अदालतमा रिटका लागि हरवाचरवा नेटवर्कलाई सहयोग | | | | | उद्देश्यः<br>• हरवाचरवाको मुक्तिको घोषणाका लागि सर्वोच्च अदालतबाट परामादेश जारी गर्न लगाउने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | कार्यान्वयन **प्रकृया:**<br>● ***द फ्रिडम फण्डका साँझेदार संस्थाहरुसंग समन्वय***<br>● राष्ट्रिय हरवाचरवा अधिकार मंचको बैठकबाट निर्णय<br>● कानुन ब्यवसायद्धारा रिट तयारी<br>● हरवाचरवा अधिकार मंचका सदस्यद्धारा सवोच्चमा रिट दायर<br>● नियममित कानुनी बहश तथा फलोअप<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| १.२.८ | राष्ट्रिय हरवाचरवा अधिकार मंचको तेश्रो सम्मेलनमा सहयोग | **१** | | | १ | ***उद्देश्य:***<br>● केन्द्रीय हरवा चरवा अधिकार मञ्चको सवलीकरण गर्ने<br>● लोकतान्त्रिक अभ्यासको अवलम्बन गर्दे हरवा चरवाहरुको संगठन सुदृढीकरण मार्फत नेतृत्व चयन गर्ने<br><br>***कार्यान्वयन*** **प्रकृया:**<br>● ***द फ्रिडम फण्डका साँझेदार संस्थाहरुसंग समन्वय***<br>● ६१ जना प्रतिनीधिहरुको छनोट तथा आमन्त्रण ( राष्ट्रिय हरवाचरवा अधिकार मंचबाट २१ जना र प्रत्येक जिल्लाबाट ५/५ जना गरि ४० जना)<br>● स्थानिय हरवा चरवा अधिकार मञ्चको प्रगती (कार्यक्रम र आर्थिक) प्रगती प्रतिवेदन तयारी गर्ने<br>● सम्मेलनको कार्यतालिका तयारी गर्ने<br>● सम्मेलनको स्थान, समय र मिति तय गर्ने (बैठक मार्फत) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | • सम्मेलनको लागि प्रमुख अतिथी र अतिथीहरु आमन्त्रण गर्ने<br>• सम्बन्धित गाऊँपालिका र नगरपालिकासंग समन्वय गर्ने<br>• कार्यक्रमको उदघाटन तथा शुभकामना मन्तब्य<br>• बन्दसत्र तथा सामुहिक छलफल<br>• संस्थागत निति तथा कार्यक्रम पारित<br>• नयाँ नेतृत्व चयन<br>• घोषणा पत्र जारी<br>• सम्मेलनको समापन<br>• प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| **प्रतिफलः २.१ः एकिकृत आन्दोलनका लागि राष्ट्रिय स्तरमा कृषी बधुवा मजदुरहरुको संगठन निर्माण भई सक्रिय ढंगले परिचालन भएको हुनेछ** | | | | | | |
| २.१.१ | बाध्यकारी श्रम उन्मुलन जनवकालत समुहका नियमित बैठकहरु | **७** | १ | ३ | ३ | उद्देश्यः<br>• बाध्यकारी श्रम उन्मुलन जनवकालत समुहका बैठकहरु कृषी बधुवा मजदुरका सवालमा केन्दीत गर्ने<br><br>कार्यान्वयन **प्रकृयाः**<br>• सहभागिलाई खबर गर्ने<br>• बैठकका लागि स्थान, समय र मिति तय गर्ने<br>• बैठकका प्रस्तावहरु तयार गर्ने<br>• बैठकको आसन ग्रहण (अध्यक्षद्धारा)<br>• प्रस्तावमाथि छलफल<br>• बैठक पुस्तिका तयारी<br>• आगामी कार्ययोजना निर्माण र जिम्मेवारी बाडपफाँड<br>• प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| २.१.२ | जनवकालत तथा संयुक्त आन्दोलन | | | | | |
| | *प्रदेश स्तर* | | | | | |
| २.१.२.१ | ज्ञापनपत्र पेश तथा फलोअप | **३** | ३ | | | **उद्देश्यः**<br>● सम्बन्धित मन्त्रालयलाई कृषी बधुवा मजदुरका सवाल तथा मागहरु सम्बोधनका लागि ज्ञापनपत्र पेश गर्ने<br><br>**कार्यान्वयन प्रकृयाः**<br>● ***द फ्रिडम फण्ड र एक्सन एडका साँझेदार संस्थाहरुसंग समन्वय***<br>● ज्ञापनपत्र तयारी<br>● प्रदेश नं. २, ५ र ७ का भुमी व्यवस्था, अर्थ र कृषी मन्त्रालयमा कृषी बधुवा मजदुरलाई परिचालन गरेर ज्ञापनपत्र पेश गर्ने<br>● नियमित फलोअप गर्ने<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| २.१.२.२ | हस्ताक्षर अभियान | **३** | ३ | | | उद्देश्यः<br>● कृषी बधुवा मजदुरका सवालमा ऐक्यबद्धता कायम गर्ने<br><br>कार्यान्वयन **प्रकृयाः**<br>● ***द फ्रिडम फण्ड र एक्सन एडका साँझेदार संस्थाहरुसंग समन्वय***<br>● नारा सहित हस्ताक्षर संकलनका लागि ब्यानर तयार गर्ने<br>● हस्ताक्षर संकलनको स्थान र मिति तय गर्ने<br>● प्रदेश नं. २, ५ र ७ का निति निर्माता, सरकारी निकाय, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | नागरिक समाज, पत्रकार र अन्य सरोकारवालाको ६०० वटा हस्ताक्षर संकलन गर्ने (हरेक प्रदेशबाट २०० जना)<br>● बिभीन्न जनवकालत अभियानहरुमा हस्ताक्षर संकलनलाई प्रमाणका रुपमा प्रयोग गर्ने<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| २.१.२.३ | बहुदलीय राजनितीक दल संसदीय मंच गठन तथा सुदृढीकरण | ३ | ३ | ३ | ३ | उद्देश्य:<br>● प्रदेश स्तरमा बहुदलीय राजनितीक दल संसदीय मंच गठन तथा सुदृढीकरण मार्फत सरकारी नितिहरुमा कृषी बधुवा मजदुरका सवालहरु प्रभावित गर्ने<br><br>कार्यान्वयन **प्रकृया:**<br>● ***द फ्रिडम फण्ड र एक्सनएडका साँझेदार संस्थाहरुसंग समन्वय गर्ने***<br>● प्रदेशसभा सचिवालयमा औपचारिक जानकारी<br>● प्रदेश नं. २, ५ र ७ मा कृषी बधुवा श्रमीकका सवालसंग सम्बन्धित बिभीन्न राजनितिक दलहरुमा आबद्ध माननियहरुसंग समन्वय गर्ने<br>● कृषी बधुवा श्रमीकका सवालबारे छलफल गरि प्रदेशसभामा माननिय ज्युलाई बोल्न उत्प्रेरित गर्ने<br>● बहुदलीय राजनितीक दल संसदीय मंचका बैठकहरु आयोजना गरि फलोअप गर्ने ( प्रत्येक प्रदेशमा ५/५ गरि जम्मा १५ वटा बैठकहरु)<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| २.१.२.४ | मुख्यमन्त्री कार्यालय अगाडी अनसन | ३ | | ३ | | उद्देश्य:<br>● कृषी बधुवा श्रमीकहरुको सवालबारे प्रदेश नं. २, ५ र ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | का मुख्यमन्त्री कार्यालयलाई सचेतीकरण गर्ने<br><br>कार्यान्वयन **प्रकृयाः**<br>● ***द फ्रिडम फण्ड र एक्सनएडका साँझेदार संस्थाहरुसंग समन्वय गर्ने***<br>● कार्यक्रमको मिति तय<br>● सहभागिहरुलाई खबर (३० जना कृषी बधुवा मजदुर हरेक प्रदेशबाट १० जना)<br>● मुख्य मन्त्रीको कार्यालय अगाडी माग सम्बोधन नभएसम्म अनसन बस्ने<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| २.१.२.५ | एकिकृत बधुवा :श्रम ऐनका लागि पहल | **३** | | ३ | | उद्देश्यः<br>● एकिकृत बधुवा श्रम ऐनका लागि सामुहिक पहल र पैरवी गर्ने<br>कार्यान्वयन **प्रकृयाः**<br>● ***द फ्रिडम फण्ड र एक्सनएडका साँझेदार संस्थाहरुसंग समन्वय गर्ने***<br>● सहभागि खबर (सरोकारवाला र लक्षित समुह)<br>● प्रदेश नं. २, ५ र ७ मा कृषी बधुवा श्रमीकका सवालसंग सम्बन्धित नितिगत बहश गर्ने<br>● नियमिति फलोअप गर्ने<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| २.१.२.६ | राजनितिक दलहरुमा डेलीगेसन | **३** | | ३ | | उद्देश्यः<br>● कृषी बधुवा मजदुरहरुको सवालमा राजनितिक प्रतिबद्धता सुनिश्चितता कायम गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | कार्यान्वयन **प्रकृयाः**<br>● ***द फ्रिडम फण्ड र एक्सनएडका साँझेदार संस्थाहरुसंग समन्वय गर्ने***<br>● सहभागि खबर गर्ने (प्रत्येक प्रदेशमा १५/१५ गरि जम्मा ४५ जना<br>● नेकपा एमाले, नेपाली काँगेस, नेकपा (माओवादी केन्द), नेकपा एकिकृत समाजबादी र जनता समाज पार्टीका प्रादेशिक कमिटीहरुमा डेलीगेसन जाने<br>● नियमित फलोअप गर्ने<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| २.१.२.७ | कृषी बधुवा मजदुरमैत्री निति तथा कार्यक्रमका लागि पैरवी | **६** | | ३ | ३ | उद्देश्यः<br>● प्रदेश सरकारको निति तथा कार्यक्रम र बजेटलाई कृषी बधुवा मजदुरमैत्री बनाउनको लागि पहल गर्ने<br><br>कार्यान्वयन **प्रकृयाः**<br>● ***द फ्रिडम फण्ड र एक्सनएडका साँझेदार संस्थाहरुसंग समन्वय गर्ने***<br>● प्रदेश सरकारको निति तथा कार्यक्रम र बजेट बिश्लेषण<br>● सहभागि आमन्त्रण<br>● कार्यक्रमको मिति र स्थान तय गर्ते<br>● निर्माण गर्नको लागि प्रदेश सरकारसंग नितिगत बहश<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| | संघीय स्तर | | | | | |
| २.१.२.८ | नेपाल स्थित ओएचसिआरको कार्यालयमा अपिल पेश तथा फलोअप | **२** | १ | १ | | उद्देश्यः<br>● कृषी बधुवा मजदुरहरुको सवाललाई अन्तराष्ट्रियकरण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | गर्नका लागि पहल गर्ने<br>कार्यान्वयन **प्रकृयाः** :<br>● बाध्यकारी श्रम उन्मुलन जनवकालत समुह (FLeAG) संग समन्वय<br>● अपिल तयारी<br>● सहभागि खबर (१० जना लक्षित बर्ग र सरोकारवाला गरि)<br>● फलोअज<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| २.१.२.९ | ट्रेड युनिएनसंगठनहरुसंग समन्वय बैठक | **३** | १ | १ | १ | उद्देश्यः<br>● कृषी बधुवा मजदुरहरुको सवाललाई ट्रेड युनिएन आन्दोलनसंग जोडदै ऐक्यबद्धता सुनिश्चित गर्ने<br><br>**कार्यान्वयन प्रकृयाः**<br>● बाध्यकारी श्रम उन्मुलन जनवकालत समुह (FLeAG) संग समन्वय<br>● सहभागि खबर<br>● बैठकको मिति, स्थान र समय निर्धारण गर्ने<br>● बैठकका एजेण्डा तय<br>● सामुहिक छलफल<br>● निर्णय पुस्तिका व्यवस्थापन<br>● फलोअप<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| | भुमि आयोगसंग बैठक | **३** | १ | १ | १ | उद्देश्यः |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | • कृषी बधुवा मजदुरहरुको भुमि सवाल सम्बन्धी छलफल गर्ने<br>**कार्यान्वयन प्रकृयाः**<br>• बाध्यकारी श्रम उन्मुलन जनवकालत समुह (FLeAG) संग समन्वय<br>• सहभागि आमन्त्रण (२० जना)<br>• भुमी बितरण<br>• प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| २.१.२.१० | बधुवा मजदुर फोरम मार्फत एकिकृत बधुवा :श्रम ऐनका लागि पहल | **३** | १ | १ | १ | उद्देश्यः<br>• एकिकृत बधुवा श्रम ऐनका लागि सामुहिक पहल र पैरवी गर्ने<br><br>कार्यान्वयन **प्रकृयाः**<br>• बाध्यकारी श्रम उन्मुलन जनवकालत समुह (FLeAG) संग समन्वय<br>• सहभागि खबर (सरोकारवाला र लक्षित समुह)<br>• संघीय स्तरमा कृषी बधुवा श्रमीकका सवालसंग सम्बन्धित नितिगत बहश गर्ने<br>• नियमिति फलोअप गर्ने<br>• प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| २.१.२.११ | बहुदलीय राजनितीक दल संसदीय मंच गठन तथा सुदृढीकरण | **१** | १ | १ | १ | उद्देश्यः<br>• संघीय स्तरमा बहुदलीय राजनितीक दल संसदीय मंच गठन तथा सुदृढीकरण मार्फत सरकारी नितिहरुमा कृषी बधुवा मजदुरका सवालहरु प्रभावित गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | कार्यान्वयन **प्रकृया:**<br>● बाध्यकारी श्रम उन्मुलन जनवकालत समुह (FLeAG) संग समन्वय<br>● संसद सचिवालयमा औपचारिक जानकारी<br>● संघीय स्तरमा कृषी बधुवा श्रमीकका सवालसंग सम्बन्धित बिभीन्न राजनितिक दलहरुमा आबद्ध माननियहरुसंग समन्वय गर्ने<br>● कृषी बधुवा श्रमीकका सवालबारे छलफल गरि प्रदेशसभामा माननिय ज्युलाई बोल्न उत्प्रेरित गर्ने<br>● बहुदलीय राजनितीक दल संसदीय मंचका बैठकहरु आयोजना गरि फलोअप गर्ने ( ५ वटा वटा बैठकहरु)<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| २.१.२.१३ | राजनितिक दलहका केन्द्रीय समितिको कार्यालयमा डेलीगेसन | **२** | | १ | १ | उद्देश्य:<br>● कृषी बधुवा मजदुरहरुको सवालमा राजनितिक प्रतिबद्धता सुनिश्चितता कायम गर्ने<br><br>कार्यान्वयन **प्रकृया:**<br>● बाध्यकारी श्रम उन्मुलन जनवकालत समुह (FLeAG) संग समन्वय<br>● सहभागि खबर गर्ने (९ जना कृषी बधुवा श्रमीक)<br>● नेकपा एमाले, नेपाली काँगेस, नेकपा (माओवादी केन्द), नेकपा एकिकृत समाजबादी र जनता समाज पार्टीका केन्दीय कमिटीहरुमा डेलीगेसन जाने<br>● नियमित फलोअप गर्ने<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१.२.१४ | कृषी बधुवा मजदुरमैत्री निति तथा कार्यक्रमका लागि पैरवी | २ | | १ | १ | उद्देश्य:<br>● संघीय सरकारको निति तथा कार्यक्रम र बजेटलाई कृषी बधुवा मजदुरमैत्री बनाउनको लागि पहल गर्ने<br><br>कार्यान्वयन **प्रकृया:**<br>● बाध्यकारी श्रम उन्मुलन जनवकालत समुह (FLeAG) संग समन्वय<br>● संघीय सरकारको निति तथा कार्यक्रम र बजेट बिश्लेषण<br>● सहभागि आमन्त्रण<br>● कार्यक्रमको मिति र स्थान तय गर्ते<br>● निर्माण गर्नको लागि प्रदेश सरकारसंग नितिगत बहश<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| २.१.२.१५ | पत्रकार सम्मेलन | २ | | १ | १ | उद्देश्य:<br>● संघीय स्तरमा बाध्यकारी श्रम उन्मुलन जनवकालत समुह (FLeAG) ले गरेका जनवकालतीय पहलबारे सुचना सम्प्रेषण गर्ने<br>कार्यान्वयन **प्रकृया:**<br>● बाध्यकारी श्रम उन्मुलन जनवकालत समुह (FLeAG) संग समन्वय<br>● पत्रकारलाई आमन्त्रण<br>● सुचना सम्प्रेषण<br>● पत्रकारको जिज्ञासा लिने<br>● पत्रकारको चाँसोलाई सम्बोधन गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | • प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| २.१.२.१६ | कृषी बधुवा मजदुरको सवालमा काननी बेन्च | १ | | | १ | उद्देश्यः<br>• कृषी बधुवा श्रमीकका सवालमा सांकेतिक हिसावले कानुनी बेन्च आयोजना गरि बहश गर्ने<br><br>कार्यान्वयन **प्रकृयाः**<br>• बाध्यकारी श्रम उन्मुलन जनवकालत समुह (FLeAG) संग समन्वय<br>• कार्यक्रमको स्थान, मिति र समय निर्धारण<br>• सहभागि आमन्त्रण (४० जना जसमा ५ हरवाचरवा, ५ हलिया र ५ कमैया लगायत कानुन ब्यवसायि, पत्रकार, पुर्व पधानन्यायधिस)<br>• पिडीतहरुका आवाज<br>• कानुन ब्यवसायीद्धारा बहश<br>• पुर्वपधान न्यायधिसद्धारा सुनुवाई<br>• प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| २.१.३ | मिडीया परिचालन | **५** | ५ | ५ | ५ | उद्देश्यः<br>• कृषी बधुवा श्रमीकको सवालहरु उजागर निति नितिगत वकालतमा सहयोग पुरयाउने<br><br>कार्यान्वयन **प्रकृयाः**<br>• बाध्यकारी श्रम उन्मुलन जनवकालत समुह (FLeAG) संग समन्वय<br>• ५ जना पत्रकारहरुको छनोट गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | • पत्रकारलाई फिल्ड भिजीट गराउने<br>• सामाचारहरु राष्ट्रिय स्तरका पत्रपत्रिका मार्फत सम्प्रेषण गर्ने<br>• प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| २.१.५ | बाध्यकारी श्रम उन्मुलनका जनवकालत समुहको सचिवालय सहयोग | ३ | १ | १ | १ | उद्देश्यः<br>• राष्ट्रिय स्तरको नितिगत वकालतमा समन्वय सहकार्य गर्नको लागि बाध्यकारी श्रम उन्मुलनका जनवकालत समुहलाई परिचालन गर्ने<br>कार्यान्वयन **प्रकृयाः**<br>• बाध्यकारी श्रम उन्मुलनका जनवकालत समुहको सचिवालयलाई १ जना कर्मचारी र दैनिकी कार्यालय संचालनमा सहयोग गर्ने<br>• प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| **प्रतिफलः .२ः २ः कृषी बधुवा मजदुर अन्त्य गर्न एकिकृत आन्दोलनका लागि संयुक्त रणनिति योजना निर्माण भई कार्यान्वयन भएको हुनेछ ।** | | | | | | |
| २.२.१ | संयुक्त रणनितिक योजनाका लागि पुर्वतयारी बैठकहरु | ३ | ३ | | | उद्देश्यः<br>• कृषी बधुवा मजदुरको सवालमा रणनितक योजना तयार गर्नको लागि सवालहरुको परिचान र प्राथमिकीकरण गर्ने<br>कार्यान्वयन **प्रकृयाः**<br>• ***द फ्रिडम फण्ड र एक्सन एडका साँझेदार संस्थाहरुसंग समन्वय गर्ने***<br>• ***सहभागि आमन्त्रण (*** प्रदेश नं. २ मा २० जना, ५ मा २० जना र ७ मा २० जना गरि ६० जना<br>• सवालमा छलफल गरि रणनितिका लागि निष्कर्ष निकाल्ने<br>• प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.२.२ | रणनितिक योजनाको समिक्षाका लागि हरवाचरवा, हलिया र कमैया संगठनहरुका बैठकहरुको सहजीकरण | **३** | | ३ | | उद्देश्यः<br>● कृषी बधुवा मजदुरको सवालमा रणनितक योजनाको समिक्षाका लागि सवालहरुको परिचान र प्राथमिकीकरण गर्ने<br>कार्यान्वयन **प्रकृयाः**<br>● ***द फ्रिडम फण्ड र एक्सन एडका साँझेदार संस्थाहरुसंग समन्वय गर्ने***<br>● ***सहभागि आमन्त्रण (*** प्रदेश नं. २ मा २० जना, ५ मा २० जना र ७ मा २० जना गरि ६० जना<br>● सवालमा छलफल गरि रणनितिका लागि निष्कर्ष निकाल्ने<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| २.२.३ | सिकाई र अनुभव आदान प्रदान कार्यशाला | **२** | | १ | १ | उद्देश्यः<br>● सवल परियोजनाको मुख्यउपलब्धीहरु, सिकाई, चुनौती र आगामी कार्ययोजनाबारे हरवाचरवा नेटवर्क, ***द फ्रिडम फण्ड र एक्सन एडका साँझेदार संस्थाहरुबिच*** अनुभव आदान प्रदान गर्ने<br><br>कार्यान्वयन **प्रकृयाः**<br>● सहभागि आमन्त्रण<br>● संस्थागत प्रस्तुतीकरण<br>● खुला छलफल<br>● आगामी कार्ययोजना निर्माण<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| **प्रतिफलः २.३ः परियोजनागत क्रियाकलापको माध्यमद्धारा स्थानिय, प्रादेशिक र संघीय तहमा सरकारी निकाय र अन्य सम्बन्धित सरोकारवाला निकायको** | | | | | | |

| संग्लनता हुनेछ | | | | | | |
|---|---|---|---|---|---|---|
| **२.३.१** | सरकारी कार्यालय र कर्मचारीतन्त्रसंग आमने सामने बैठक | **२७** | ९ | ९ | ९ | उद्देश्यः<br>● कृषी बधुवा मजदुरहरुको सवालमा निर्माण भएका निति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि प्रदेश र संघीय तहका सरकारी निकाय र कर्मचारीतन्त्रका बिचमा छलफल गर्ने<br><br>कार्यान्वयन **प्रकृयाः**<br>● बाध्यकारी श्रम उन्मुलन जनवकालत समुह (FLeAG) संग समन्वय<br>● **सरकारी निकाय** (प्रदेश स्तरमा भुमी ब्यवस्था, अर्थ र कृषी मन्त्रालय तथा संघीय तहमा भुमी ब्यवस्था, अर्थ, कृषी र श्रम तथा रोजगार मन्त्रालय, राष्ट्रिय योजना आयोग र राष्ट्रिय मानव अधिकार आयोग) **लाई औपचारिक जाकारी दिने**<br>● **बैठकका एजेण्डाहरु तय गर्ने**<br>● **छलफल गर्ने**<br>● प्रतिबद्धतालाई बैठक पुस्तिकामा अभिलेख राख्ने<br>● फलोअप गर्ने<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| **२.३.२** | कृषी बधुवा श्रमिकहरुको सवालमा संघीय स्तरीय बहुसरोकारवालासंग नितिगत संवाद | **३** | १ | १ | १ | उद्देश्यः<br>● सरकारी निकायको बजेटलाई कृषी बधुवा मजदुरमैत्री बनाउनका लागि सरोकारवाला निकायका बिचमा ब्यापक छलफल गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | कार्यान्वयन **प्रकृयाः**<br>● बाध्यकारी श्रम उन्मुलन जनवकालत समुह (FLeAG) संग समन्वय<br>● **कार्यक्रमको मिति, स्थान र समय निर्धारण**<br>● **सहभागि आमन्त्रण (राजनितिक दलहरु, निति निर्माता, , संबैधानिक आयोग, सम्बन्धित मन्त्रालय, संबैधानिक आयोग, नागरिक समाज, शैक्षिक संस्थाहरु र कृषी बधुवा मजदुरका संगठन गरि ४० जना)**<br>● **बिषय बिशषेशद्धारा कार्यपत्र पेश**<br>● **खुला छलफल**<br>● **निष्कर्ष तथा सरोकारवाला निकायको** प्रतिबद्धता<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| **२.३.३** | दिवश मनाउने (मानव अधिकार दिवश र अन्तराष्ट्रिय श्रमिक दिवश) | **५** | १ | २ | २ | उद्देश्यः<br>● कृषी बधुवा मजदुरको सवाललाई संघीय स्तरमा उजागर गर्ने<br>कार्यान्वयन **प्रकृयाः**<br>● बाध्यकारी श्रम उन्मुलन जनवकालत समुह (FLeAG) संग समन्वय<br>● सहभागि आमन्त्रण (१५ जनाकृषी बधुवा मजदुर)<br>● नागरिक समाज, मानवअधिकार संस्थाहरु लगायत ट्रेड युनियनसंग समन्वय गर्ने<br>● प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |
| **२.३.४** | टेलीभिजन कार्यक्रम | **८** | २ | ३ | ३ | उद्देश्यः<br>● कृषी बधुवा मजदुरको सवालका बारेमा निति निर्मातासंग टेलीभिजन कार्यक्रम मार्फत कुराकानी गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | कार्यान्वयन **प्रकृयाः**<br>● बाध्यकारी श्रम उन्मुलन जनवकालत समुह (FLeAG) संग समन्वय<br>● टेलीभिजनको छनोट<br>● भुमि आयोग, भुमि ब्यवस्था मन्त्रालय, मधेसी माननीय, राष्ट्रिय मानव अधिकार आयोग, राजनितिक दलका भातृसंगठन, राजनितिक दलका उच्चतहका नेताहरु, नागरिक समाजका अगुवा र नेपाल पत्रकार महासंघका प्रतिनिधीहरुसंग समन्वय गरि टेलीभिजनमा कुराकानी गर्न लगाउने<br>● टेलीभिजन टक कार्यक्रम हरवाचरवालाई भुमि बितरण,हरवाचरवाको मुक्ति, मुक्त हलिया र कमैयाको पुनर्स्थापना, कृषी बधुवा मजदुरको मानव अधिकार, हरवाचरवा सवालमा दलित आन्दोलनको अपनत्व, राजनितिक दल तिकका घोषणा पत्र र कृषी बधुवा मजदुर, कृषी बधुवा मजदुरको सवालमा नागरिक समाजको ऐक्यबद्धता र कृषी बधुवा मजदुरको सवाललाई नितिगत प्रभावपार्न मिडीयाको भुमिका बिषयमा केन्दीत हुनेछ |
| **२.३.५** | संबैधानिक आयोगहरुका बिचमा गोलमेच छलफल | **४** | | | ४ | उद्देश्यः<br>● कृषी बधुवा मजदुरमैत्री निति तथा कानुनहरुको निर्माण र पुनरावलोकनका लागि संबैधाानिक आयोगहरु (राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय योजना आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग, भुमि आयोग र थारु आयोग) संग नितिगत बहश गर्ने<br>कार्यान्वयन **प्रकृयाः** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | • बाध्यकारी श्रम उन्मुलन जनवकालत समुह (FLeAG) संग समन्वय<br>• **कार्यक्रमको मिति, स्थान र समय निर्धारण**<br>• **सहभागि आमन्त्रण (सरोकारवाला र लक्षित समुहगरी ३० जना)**<br>• **बिषय बिशषेशद्धारा कार्यपत्र पेश**<br>• **खुला छलफल**<br>• **निष्कर्ष तथा सरोकारवाला निकायको** प्रतिबद्धता<br>• प्रतिवेदन तयार गरि कार्यालयमा पेश गर्ने |

## ४. परियोजना व्यवस्थापन

**कृषी बधुवा मजदुरको अन्त्यका लागि हलिया र कमैया आन्दोलनसंगको सहकार्यमा सरकारी निति प्रभावित गर्नका लागि हरवाचरवा संगठनहरुको क्षमता सवलीकरण परियोजना (सवल)** को समग्र व्यवस्थापन RDN नेपालद्धारा गरिनेछ । RDN नेपालले परियोजनामा काम गर्ने पेशागत व्यक्तित्वहरुको छुट्टै परियोजना समुह हुनेछ जसमा टिम लिडर , परियोजना संयोजक, लेखा अधिकृत, र हरवा चरवा एक्टिभिष्टहरु समाविश्ट हुनेछन । टिम लिडरले समग्र कार्यक्रमको व्यवस्थापनका लागि प्राथामिक रुपमै जिम्मेवार हुनु पर्नेछ । राष्टिय दलित RDN नेपालका केन्द्रीय अध्यक्ष ज्यूले यस परियोजनाको कार्यान्वयनका सन्दर्भमा दातृ संस्था लगाएत विभिन्न सरोकारवाला संग संम्पर्क ,समन्वय विस्तार गर्नुहुनेछ ।

## ५. अनुगमन, मूल्यांकन र सञ्चार

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालले परियोजनाको थप प्रभावकारीता सुनिश्चित गर्नका लागि आवधिक रुपमा अनुगमन गर्नेछ । यकार्यक्रम कार्यान्वयनमा आएका चुनौति सिकाई उपलब्धीहरुको समआलोचनात्मक समिक्षा गर्न प्रत्येक ३/३ महिनामा कर्मचारीको समिक्षा बैठक (Review Meeting) आयोजनामा गरिनेछ । Freedom Fund ले मध्यावधि र अन्तिम मूल्यांकनका लागि सहयोग गर्ने छ ।

## ७.परियोजनाको रणनितीहरु

- सवालमा आधारित कार्यरत सामाजिक / नागरिक विकास संस्थाहरुसंग समन्वय र सहकार्य
- सामुहिक प्रभाव पैदा गर्नका साथै दोहोरोपना हटाउनका लागि फ्रिडम फण्डका साँझेदार संस्थाहरुसंग निरन्तर समन्वय / सहकार्य
- हरवा चरवाको सवाललाई नितिगत तहको प्रभाव पार्नका  सवालगतको सूक्ष्म र वृहत अन्तर सम्वन्ध निर्माण
- लैंगिक समानता र सामाजिक समावेशीकरण (जेसी) मुल प्रवाहीकरण

## अनसूचि खण्ड १ ( मासिक प्रगतीको ढाँचा)

| | | | |
|---|---|---|---|
| नामः | ................................. | पदः | ........................... |
| जिल्ला | .............................. | सम्पर्क | .............................. |
| महिना | .................................... | पेश गरिएको मिति | .................................... |

**क) यो महिनामा के के काम सम्पन्न गर्नु भयो ?**

..............................................................................................................................
..............................................................................................................................
..............................................................................................................................

**ख) कार्यक्रम सम्पन्न भए पछि के कस्ता उपलब्धीहरु भए ?**

..............................................................................................................................
..............................................................................................................................
..............................................................................................................................

**ग) सिकाई**

..............................................................................................................................
..............................................................................................................................
..............................................................................................................................

**घ) चुनौती**

..............................................................................................................................
..............................................................................................................................
............................................................................................................................

**ङ) आगमी कार्यक्रम**

..............................................................................................................................
..............................................................................................................................
..............................................................................................................................